सत्य नाङ्गो छ

साहित्य/कथा

रक्ष राई

म घामजस्तै डुलन्ते मान्छे । सायद घाम नपुगेको ठाउँमा म पुगेको हुन्छु ।

सर कहाँसम्म सवारी होइसिन्छ ? कुनै रमझमको दरबारिया भाषा आज राजधानीवासीको सभ्यतासँग जोडिएको छ । त्यही भाषा बोल्छ ड्राइभर ।

आज प्रेम दिवस होइन र ?

आज फेब्रुअरी १४ त नहुनु पर्ने !

मानौं आज त्यही दिन हो ।

सर, त्यो प्रेम दिवस त डिस्को बारमा .....।

थाहा छ, तर मलाई फास्ट फूड सर्भिसजस्तो छिट्टै प्रेम सेवा चाहिन्छ ....।

यही नै त हो राजधानीका विशेषता, जो जे चाहन्छ, त्यो तुरुन्त उपलब्ध हुन्छ । मेरो कुरा सुनेर ड्राइभरको अनुहारमा पहारिलो घाम लाग्छ । ऊ हाँस्दा उसको खैनीले खिया परेको दाँत गिजाभन्दा पनि भित्रैसम्म केही चिज देखिन खोज्छ । त्यसपछि उसले अतिगोप्य नम्बर आफ्नो मोबाइलमा थिच्छ र आफ्नो भूमण्डलमा सम्पर्कको सञ्चालन फैलाउन थाल्छ .....

अँ ....ए....हो...नयाँ पाहुना ..., तिम्रो समय : ..ल ल.. हुन्छ .... ।

उसलाई पर्खिने बहानामा म ट्याक्सीको झ्यालबाट देखिने आकाशको पृष्ठमाथि उभिरहेको धरहराको टुप्पोलाई हेरिरहन्छु । ड्राइभर फोन सम्पर्क विच्छेद गरेर मलाई एकचोटी आँखाको उज्यालो घामले हेर्छ । नौ रसमध्ये एक रस ड्राइभरको अनुहारमा पढेर म समय आफ्नो अनुकुलताको लख काट्छु र सिटमा आफ्नो ओजन बढाएर बस्दै पूनः आँखालाई आकाशको पृष्ठभूमिमा उभिरहेको धरहराको टुप्पोतिरै फाल्छु ।

साब काठमाण्डु बाहिरबाट ...? ट्याक्सी ड्राइभर ट्याक्सी चलाउन थालेपछि आकाशको पृष्ठभूमिमा कुदै गरेको धरहराको टुप्पोबाट आँखा ओराल्छु म ।

होइन, म पनि यही सहरको हुँ । तर बढी समय बाहिर काम गर्छु । अहिले बिदामा छु, भनेर मैले उसको प्रश्नको सोझा जवाफ दिनुपर्ने हो । तर मेरा भाषा मात्रै नभएर म मान्छे नै घुमाउरो भइसकेकाले फेरि पनि म घुमाउने भाषा नै बोल्छु - हो यो सानो सहरको ठूलो काठमाण्डु हेर्ने मन छ....।

त्यसपछि ट्याक्सी र ड्राइभर महानगरको ट्राफिकमा हराउँदै गन्तव्य पहिल्याउन थाल्छ । म आफ्नै मनभित्र डुब्दै र तैरिँदै जान्छु । हराउँदै र मेटिँदै जान्छु । सयर गर्नको लागि मसँग आफ्नै कल्पनाको संसार छ । र उड्नको लागि आफ्नै मनोवेग ।

आज यसरी अर्की स्वास्नीमान्छे कहाँ गइरहँदा म हिजो अस्तिकी स्वास्नीमान्छेहरु पनि सम्झन्छु । यसरी सम्झिदा अस्ति चक्रपथ नारायनथानको समीको रुखको उतार्पट्टि हारमा बस्ने पुलिसकी स्वास्नीलाई सम्झिन पुग्छु म । उसँगको प्रेम दिवस जीवनकै माया लाग्दो भयो । लोग्नेको पुलिसको जागिर । जनताको नाममा सरकारको सेवा गर्नुपर्ने बाध्यता । त्यहीमाथि जता सरुवा भएर गयो उतै बिहे गरी हिँड्ने पुलिसको बानी व्यहोराबाट पीडित पुलिसकी स्वास्नीको मलाई ढुङ्गो नै परिगने गरी माया लागेर आयो । त्यो चार पाँच घण्टाको समय यौटा लोग्ने मान्छेले दिनसक्ने माया दिएर आएँ ।

तिरित ... तिरित .. । ट्राफिक पुलिसले सिट्टि बजाउँदा सिंहदरबार अगाडिको पृथ्वीनारायणको सालिकलाई बायाँ छाडेर हामी दायाँ मोडिसकेका हुन्छौं ।

ए, नयाँ बानेश्वर, तीनकुने ...भक्तपुर ...ठिमी...। सडकको बायाँ किनारमा रोकिएको ट्र्याम्पोको फुच्चे खलासी आफ्नो जीवनको नमिठो नियती कराउँछ ।

म फेरि नयाँ बानेश्वरको शान्तिनगरको सेकुवा कर्नरको पछाडिपट्टिको एक भव्य महलमा पुग्छु । त्यो भव्य महलकी स्वास्नीको अरु पीडा पनि उस्तै थियो । व्यापारी लोग्ने व्यापारको सिलसिलामा कहिले आफ्नी सेक्रेटरीसँग पूर्व र पश्चिम, उत्तर र दक्षिण त कहिले देश विदेश हिँड्न पर्ने । त्यही भएर ऊ आफ्ना लोग्नेको नभएर त्यो भव्य महलकी स्वास्नी भएकी थिई । मोटी तर खाइलाग्दी ।

ओहो मोटी ...। पाँच छ घण्टाको प्रेममा मैले कसरी पनि उसलाई माया गर्न भ्याएँ ।

म हिँड्ने बेला उसले भनेकी थिई 'स्वास्थ्यको ख्याल गर्नू' पैसाको चिन्ता छैन ...मलाई सिधै ९८४१.....मा सम्पर्क गर्नू । यति मीठो सम्झनाको सुवासलाई परास्त गर्दै बागमतीको नमीठो गन्धको हरक नाकमा ठोक्किन आइपुग्दा हामी बागमतीको पुल तरिरहेका हुन्छौं ।

ए ...जावलाखेल ...। बागमती पुल पारिपट्टि धमिलो ट्याम्पोको मैलो केटो आफ्नो गन्तव्यस्थलको लयात्मक गीत अलापिरहेको हुन्छ ।

फेरि त्यसले मलाई लगनखेल लक्ष्मीथानको वरको रुखअगाडिको एक सरकारी कर्मचारीको घरमा पुऱ्याउँछ । सरकारी तलवले नभ्याए पनि असरकारी कमिशन र भत्ताले ठड्याउन भ्याएको गजबकै बिल्डिङकी मालिक्नीको पीडा पनि उस्तै थियो । प्रत्येक वर्ष परिवर्तन हुनुपर्ने सरकारको महामारीको शिकार उनको लोग्नेले हुनुपर्ने भएकोले उसले लोग्नेको मालिक्नी हुन कहिल्यै पाइन । कहिले पूर्व र पश्चिम त कहिले उत्तर र दक्षिण सरुवाले हैरान । लवाई खुवाईको मात्रा पूर्ण भएर ज्यान लागेकाले शरीरका अङ्गहरु नछुट्टिने भइराखे पनि ऊ राम्री नै हो ।

ओई भ्यागुती ...। आधा दिनको बसाईमा कैले यसरी भरिपूर्ण माया गर्न भ्याएँ उसलाई ।

अहिले म हिजोको अनुभव लिएर नयाँ ठाउँमा गइरहेछु र नयाँ स्वास्नीमान्छेसँग हुने नयाँ साक्षात्कारको कल्पनाले आफू थामिनै नसक्ने गरी हल्लिरहेको छु । त्यसो त जीवन एक अनुभवहरुको संग्रहालय पनि हो । तर यस्तो बेला म निछाको सम्झनाले कातर हुन्छु । ऊ मसँग अविछिन्न रुपमा गाँसिएर आएको मेरो जीवन साथी पनि हो ।

निछा, हिड् सहर घुमेर आउँ ....। म बाहिर निस्कन अघि औपचारिकता पूरा गर्छु निछासँग ।

तपाई मात्रै पाल्नु भए हुँदैन र ? मलाई त दिक्क लाग्छ सहरको प्रदुषणसँग ..। यति भएपछि म वन्धनमुक्त हुन्छु । समय खराव छ ...याद गर्नुहोला..। म हिँड्ने बेला मलाई सम्झाउन बिर्सिँदैन निछा ।

मलाई थाहा छ, समयभन्दा खराव मान्छे । समयभन्दा खराव छु म । सवभन्दा नीच र दुष्ट म आफै छु । निछा असल छे असल । यौटी गृहिणीमा हुनुपर्ने सर्वगुणले सम्पन्न । तर लोग्नेमा हुनुपर्ने गुणहरुले विपन्न छु म । ऊ मेरो वास्ता गर्छे । सवभन्दा धेरै वेवास्ता उसलाई गर्छु म । ऊ मलाई अति विश्वास गर्छे । त्यही विश्वासलाई टेकेर उसलाई घात गर्छु म । अहिले निछा भान्सामा मलाई खाना पकाउँदै होली । तर अर्की स्वास्नीमान्छेको भोकले भौतारिँदै छु म । तर पनि मलाई आफ्नो व्यभिचारिता र निच प्रवृत्ति प्रति किञ्चित आत्मग्लानी छैन । कारण मैले यति त पक्कै जानेको छु कि पतिसेवा नारीको महानता हो ।

त्यसो त अरु पुरुषभन्दा म थोरै महान चाँहि होइन । ती पुरुष बाहिर रखौटी राख्छन, स्वास्नीमान्छेलाई सौता हाल्छन् । महिनाको तलव हिनामिना गर्छन् । कम्तिमा म परस्त्रीगमन त गर्छु । यस मामिलामा पुरुषलाई प्रकृतिले कमजोर बनाएको हुन्छ । मेरो जीवनमा यो खराव आदतको रुपमा संक्रमण भएर आयो । त्यसको आफ्नै कथा छ ।

उतिबेला प्रेम गर्नु कुनै ठूलो अपराध गर्नु थियो । त्यसैले, अचेलजस्तो प्रेमी, प्रेमिकाको ओठमा होइन गाईको गोठमा लुकेको छ त्यो प्रेम । गाँउवेसी, भीर र पाखामा छिपेको हुन्थ्यो प्रेम । कटुसको रुख र गुराँसको फेदमा भेट हुन्थ्यो प्रेम । त्यसपछि

गोठालादेखि खेतालासम्म - निछा ।

गाईको गोठदेखि रुपाकोटसम्म - निछा ।

जन्तीदेखि मलामीसम्म - निछा ।

यसरी, म जतातैै निछामय हुन थालेपछि गाउँमा कुरो सल्काउनेको के खाँचो ? हाम्रो प्रेमको चर्चाले गाउँघर सल्किन थाल्यो । पाखा, पखेरा र पर्वतहरु जले । त्यो हल्ला हावा भएर पहाड पर्वतहरु नाघ्दै हिमाल पुग्यो । पानी पँधेरा, खोलानाला हुँदै सागर पुग्यो ।

त्यसपछि हाम्रो प्रेमको खलनायक नायिका भएर उदाए निछाकी आपा र आमा । निछाको बिहेको कुरा यौटा पल्टनेसँग छिनाइदिए । त्यसपछि हामीले समाजको मूल्य मान्यताको विरोधमा उभिन पर्ने भयो । निछालाई रातारात भगाएर आफ्नो बनाए पनि उनका आपा आमाको ज्वाई बन्न मैले छाती नपाएर पल्टने हुन पऱ्यो ।

अनि पल्टने भनेको यौटा थालको भातले नपुग्ने प्राणी । यौटा किलो र दाम्लोले नथेग्ने मताहा राँगो । हडकड्मा खाएर बेलायतमा हात चुठ्न पुग्नुपर्छ । बेलायतमा साबुन दलेर अमेरिकामा नुहाउन पुग्नुपर्छ । तर जहाँ पुगेपनि स्वास्नीमान्छेहरु स्वास्नीमान्छे जस्तै नै हुँदा रहेछन् । उही नखरा, उही चरित्र । अहो सबै स्वास्नीमान्छेहरु निछाजस्तै हुँदारहेछन् ।

अनि बेलायत र अमेरिकाले खैरो कपाल भएकी स्वास्नी मान्छे देखायो : यी हेर त तेरी निछा ।

अनि हडकङ र सिंगापुरले कालो कपाल भएकी स्वास्नी मान्छे देखायो : देखिस् तेरी निछा ?

छिः छिः आफैलाई कहन पनि घिनलाग्दो कुरा । अब निछा मेरो लागि धेरै अघि फुलिसकेको बासी फूल हो । भमरा ताजा फूलको खोजमा उडिरहन्छ-त्यो म हुँ । ताजा फूल....ताजा सुगन्ध ....ताजा सौन्दर्य ....ताजा मधुमास .....।

मेरो कल्पनाको पखेटा भाँच्दै ट्याक्सी गन्तव्यमा पुगेर रोकिन्छ । सडकको पेटी टेकेर उभिएको २ तले बिल्डिङको बार्दली निर्देशन गर्दै ड्राइभर बोल्छ 'सर आइपुग्यो ...' उही परी ...च्वाँक छे हैन .....?

म एकछिन भ्रममा पर्छु । म कहाँ छु ? म किन यहाँ छु ? म के हेरिरहेछु ? र म के देखिरहेछु ? ..उही नखिपोटको चौक । चोकदेखि पश्चिमतर्फ उत्तर फर्किएको घर अर्थात सडकको पेटी टेकेर उभिएको दुई तले बिल्डिङ । मुनितलाको बन्द शटर र माथिल्लो तलाको बार्दली । मलाई आफू बसेकै ठाउँमा हराई जान वा बिलाई जान मन लाग्छ ।

तर आफ्नै आँखा अगाडिको अति यथार्थबाट कुनै अभियुक्तझै गिरफ्तार छु म । निछा बार्दलीबाट ओर्लिन्छे र ट्याक्सीको ढोकासम्म आएर मेरो पाखुरामा लिङ्गेपिङ खेल्छे । हजुर मलाई कति माया गरिसिन्छ हगी ? तपाईबिनाको एकैक्षण मेरो लागि छटपट्टि हुन्छ भनेर जानिसिन्छ ...त्यसैले चाँडै आउनुहोला भनेर बार्दलीमा प्रतिक्षारत थिएँ .... ।

छिःछि ...कति निजि कुराहरु आफूभन्दा घिनलाग्दो हुन्छ । म निछाको गाला छोएर प्रेम स्पर्शले बोल्छु 'प्यारी, तिमीबिनाको मेरो संसार कहाँ अडिन पो सक्छ र ?'

साँच्ची नै यो सांसारितामा हामी औधि मीठो नाटक मञ्चन गर्दारहेछौं । हाम्रो प्रेमको अति यथार्थ नाटक मञ्चनलाई ड्राइभरले अति यथार्थताको, चेतना शून्य आँखाले सुइगुरले जुन हेरेजस्तो हेरिरहन्छ ।

(फ्रायड : इदम (कामवृत्ति) मानवभित्रको पशु हो । यसले आफ्नो दमित इच्छाहरुको क्षतिपूर्तिको निम्ति आफ्नो अनुकूल वातावरणको खोज गर्दछ-मा आधारित ।)

– वेल्सबाट

कविता

नेपालीको भाग्य

– रिता सिम्खडा

नेपाली हौं भन्ने दिन अन्त हुने हो कि
डर लाग्छ कता कता देश डुब्ने हो कि
राणा शासन अन्त भयो पञ्चे शासन आयो
पञ्चायतलाई लत्याएर प्रजातन्त्र ल्यायो
पञ्चपछि गणतन्त्र लोकतन्त्र नि आयो
खोइ त आज नेपालीले केमा शान्ति पायो
लुटाहाले लुटेकै छन्, लुटिनेचाँहि रित्तो
ढुकुटी चाँहि फोरिसके बाँकि राखे भित्तो
एक दिन त्यही भित्तोको माटो कोपर्नेछन् ।
हाम्ले देश खायौं भन्दै शरण लिन पुग्छन्
तोड्नु फोर्नु भत्काउनु बाँकि केही छैन
गिद्धे नजर सिनु बाहेक केही देख्ने होइन
कैयौं तन्त्र देशमा आए, कुनले के नै गऱ्यो
तड्पिएर नेपालीले सास फेर्नु पऱ्यो
भुस्याहा कुकुरजस्तै भुक्छन् मात्रै नेता
चर्किदो छ हाम्रो देशमा मुटु खाने वेथा
घर घरमा खुकुरी र गोलि चल्ने हो कि
किताव कापी हाल्ने झोला पेस्तोल हाल्ने हो कि
अझै देशमा चल्ने हो कि रगतको खोला
कैयौं आमाहरुको फेरि काख रित्तो होला
अब केही बाँकि छैन नेपालीले हेर्न
जनताका छोरा छोरी नजाउ अब भिड्न

– लण्डन

आईसीयूमा जानै पर्ने हुन्छ

– होम सुनुवार (दसुचा)

मलाई नाना रोगहरुले सतायो
तड्पायो कसो कसो कसले बचायो
ग्रस्त भस्त भएर पनि म धेरै बाचें
कुन्नी कहिलेसम्मको आयु मैले पाएँ
भयानक कालको संघार मैले कति पटक टेकें
म पटक पटक मरेर पनि यतिसम्म बाचें
यसरी धेरै पटक मरेर बाचेर पनि न
मैले कहिल्यै उनी यमराजलाई भेटें
बाइसे चौबीसेको दादुरा ठेउलापछि
जेनतेन म तड्ग्रिन खोज्दै मात्रै के थिएँ
झन् कहाली लाग्दो १०४ वर्षे औलो
ज्वरोले म अपाङ्ग बनी तड्पी रहें
बल्ल तल्ल औलो ज्वरोको उन्मुलन भयो
तैपनि यसको गहिरो दाग मुटुभित्रै रहिरह्यो
खै लागु लागेको हो कि मुटु सधैं दुखी रहने
झण्डै ४० वर्षसम्म धामी झाँक्री लगातार लगाइरहें
तनमनमा केही अंश आज मलाई शान्ति मिल्यो
झापा छिन्ताङ दोहोरीमा कसैले निकै मजा लिए
म त उसै माने बिरामी टुलुटुलु हेरी मात्रै रहें
दोहोरीका साथका पटेका झिल्का म चुपचाप सुनी रहें
हे भगवान रोगको विकास पनि कस्तो कस्तो ?
एउटा बिरामी के सधैं जिउनु पर्ने यस्तो ?
मलाई १२ वर्षे बन्काली जङ्गली वायूले सतायो
बिरामीको रगत पसिनाले वायूको मुख साह्रै रसायो
गणतन्त्र लोकतन्त्र यो पनि एड्स रोगै हो कि
जस्तोसुकै रोग भए नि बाँच्नुपर्ने तड्पी तड्पी
स्वायत्तताको अस्पतालमा पुग्ने बाँकी छ
त्यसपछि आईसीयूमा जानै पर्ने हुन्छ ।

हाँसौं ल !

संकलन- प्रगति पाण्डे

विवाहगरी सकी बुहारी घर आएपछि सासुले भनिन् : छोरी, आजैबाट मलाई आमा र ससुरालाई बा भन्नु है ?

साँझमा श्रीमान् घर आएपछि श्रीमतीले भनिन् : आमा, दाइ आउनुभयो ।

☺☺☺☺☺☺

नेपाली बच्चा र गोराको बच्चाको बीचमा स्कूलमा कुराकानी हुँदा

नेपाली बच्चा : मेरो त ४ दाई र २ बहिनी छन् ।

गोराको बच्चा : मेरो त दाई, भाई, बहिनी कोही पनि छैन । तर पहिलो बाबाको तर्फबाट ४ वटा ममी र पहिलो ममीको तर्फबाट ४ वटा बाबा छन् ।

☺☺☺☺☺☺

तमु धी गोर्खा.....

रहने र हरेक टिमले २ सय पाउण्ड प्रवेश शुल्क बुझाउनु पर्ने तमु धीले जनाएको छ । टिमका खेलाडीहरुलाई फोटो सहितको परिचय पत्र बुझाउन समेत अनुरोध गरिएको छ ।

अल्डरशटको क्वीन्स एभिन्यू, आर्मी ग्राउण्डमा आयोजना हुने गोर्खा कप ९ जना समूहमा नक आउटको आधारमा खेलिने छ । फिफाको नियमलाई मान्यता दिई खेल खेलाइने सो कपमा हङ्गकङ्ग र बेल्जियमबाट दुइवटा अतिथि टिमहरुलाई समेत समावेश गरिने तमु धीले जनाएको छ ।

प्रतिस्पर्धामा प्रथम हुनेलाई ननभेट्टान तर्फ ७ सय पाउण्ड र भेट्टान तर्फ २ सय पाउण्ड, द्वितीय हुनेलाई ननभेट्टान तर्फ ३ सय पाउण्ड र भेट्टान तर्फ १ सय पाउण्डको पुरस्कार प्रदान गरिने भएको छ ।

त्यसैगरी प्यारा जम्पलाई खेलको विशेष आकर्षणका रुपमा राखिएको छ । गोर्खा कप सम्बन्धी विस्तृत जानकारी तमु धीको आधिकारिक वेभसाइट www.tamudhee.org.uk मा राखिएको समेत पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो ।

सो कार्यक्रममा सञ्चारकर्मीहरुले राखेका जिज्ञासाहरुको गोर्खा कप संयोजक तथा रि. क्या. बालकृष्ण गुरुङ र अध्यक्ष सुवास सिं गुरुङले जवाफ दिनु भएको थियो । सल्लाहकार महेश गुरुङले गोर्खा कपको विगत र वर्तमानको विश्लेषण गर्नु भएको थियो भने कार्यक्रम सञ्चालन तमु धी यूकेका महासचिव सूर्जे गुरुङ र सचिव ज्ञाम गुरुङले गर्नु भएको थियो । तमु धी युकेले विगत एक दशकदेखि गोर्खा कप सञ्चालन गर्दै आएको छ । बेलायतमा बसोबास गर्ने सम्पूर्ण नेपालीहरुलाई खेलकुदको माध्यमबाट एकै ठाउँमा भेला गराउने र नेपालीहरुबीच आपसी मित्रता, भाइचारा बढाउने उद्धेश्यले गोर्खा कपको परिकल्पना गरिएको तमु धीले जनाएको छ ।

युकेमा बसोबास गर्ने नेपालीहरुबीच प्रख्यात गोर्खा कपमा विगतमा २० हजार भन्दा बढि नेपालीहरु जमघट हुने गरेका थिए । बेलायतमा नेपालीहरुको घनत्व बढ्दै गएको वर्तमान अवस्थामा गोर्खा कप नेपालीहरुको जमघटको महत्वपूर्ण उत्सवका रुपमा विकास हुँदै गएको छ । यस वर्षको गोर्खा कप प्रतिस्पर्धामा तमु धीले करिव २५ हजार नेपालीहरुको सहभागिता रहने अनुमान गरेको छ । तमु धी युकेले यसलाई चुनौती र अवसरको रुपमा लिई युके तथा संसारभर छरिएका नेपालीलाई राम्रो सन्देश दिन खोजेको छ । व्यवस्थित कार पार्क, प्रसस्त स्टलहरु सबै मिडियाहरुको सहयोग, पुलिस, एम्बुलेन्सलगायत सबै पक्षसँग तालमेल मिलाएको तमु धीले जनाएको छ । गोर्खा कपको बीएफबीएस गोर्खा रेडियो तथा डिसी नेपाल डट कमले प्रत्यक्ष प्रशारण प्रकाशन गर्ने भएका छन् ।

हार्दिक धन्यवाद

सिन्धुपाल्चोक जिल्लाको बोथाङस्थित बोथाङदेवी प्रस्तावित निमाविलाई माध्यमिक विद्यालयमा रुपान्तरण गर्न यही मे २ तारिखमा एव्वे कम्युनिटी क्लवमा भएको च्यारेटी कार्यक्रममा उठेको रकम तथा निम्नलिखित महानुभावहरुले दिनुभएको सहयोग समेत गरी खर्च कटाई बचेको ७०६ पौण्ड उक्त विद्यालयमा तुरुन्तै पठाइँदैछ । यस पुण्य काममा सहयोगको हात बढाउनुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सम्बन्धित सबैको जानकारीको लागि विवरण सार्वजनिक गरेकी छु ।

सहयोग विवरण

कर्मा लामा (बोथाङ)- ५५ पौण्ड
सख्खरमाया वाइवा (बोथाङ)- ५० पौण्ड
दामी वाइवा (बोथाङ)- ५० पौण्ड
ओमा तामाङ (काभ्रे)- ५० पौण्ड
मिना/जस्मीन दोङ (सिन्धुपाल्चोक)- ५० पौण्ड
वीर पाखिन (धादिङ)- ४० पौण्ड
देवी तामाङ (बोथाङ)- २१ पौण्ड
मिरा वाइवा (बोथाङ)- २० पौण्ड
संगीता तामाङ (बोथाङ)- २० पौण्ड
मैसानी तामाङ (बोथाङ)- २० पौण्ड
प्रकाश मम्वा (धादिङ)- २० पौण्ड
राम/अनु लामा (बोथाङ)- २० पौण्ड
बबि वाइवा (दार्जिलिङ)- २० पौण्ड
मोहन घले - २० पौण्ड
फूलमाया तामाङ (चौतारा)- १० पौण्ड
वीरबहादुर बम्जन (धादिङ)- १० पौण्ड
पूर्ण पाखिन (धादिङ)- १० पौण्ड
पासाङ/मख्खु तामाङ (बोथाङ)- १० पौण्ड
डोनिल पाखिन (धादिङ)- ५ पौण्ड
कुमकुम राई (धरान)- ५ पौण्ड

च्यारिटि आयोजक

सक्खरमाया वाइवा

EVEREST SECURITY
सेकुरिटी ट्रेनिङ र काम
Pathibhara Training
पाथिभरा ट्रेनिङ र एभरेष्ट सेकुरिटीलाई सम्झनुहोस्
Our Services:
*Doorman Course & Security Guarding
*CCTV (Pss) Level 2 and Health & Safety
*Security Job
*Bank Account खोल्न र NI को लागि चिठ्ठी
*खाना र बस्नेसुविधा £5.00 per Night
Contact: T- 0845 257 6212 M: 078253 98712
Email: info@everestsecurity.co.uk
www.everestsecurity.co.uk